# नेपाल राष्ट्र बैंक
## बीरगञ्ज कार्यालय

**सवारी साधन (बस तथा ट्रक) भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७७/०२/३२)

नेपाल राष्ट्र बैंक, बीरगञ्ज कार्यालयको कार्य क्षेत्र अन्तर्गतका नोटकोष/भा.रु.कोष रहेका बैंक शाखाहरु, नेपाल राष्ट्र बैंकका बिभिन्न विभाग र अन्य कार्यालयहरुमा गरिने तोडाचलान (**Fund Transfer**) कार्यको लागि आवश्यक परेका बखत बस/ट्रक भाडामा लिनुपर्ने भएकोले सम्झौता भए देखि एक बर्षका लागि सवारी साधन (बस तथा ट्रक) भाडामा दिन इच्छुक सरकारी वा गैरसरकारी संस्थाहरुको कालोसूचीमा नपरेका बस व्यवसायी व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम यस बैंकको बीरगञ्ज कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।- (अक्षरेपी एक हजार मात्र) ना.नो.आ.हि. फुटकर अन्य हिसाब (१७०००००/०३०-०१२-५२४) मा मिति २०७७/०३/१४ गते सम्म नगद जम्मा गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७७/०३/१५ गते (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो १२:३० बजेभित्र यस बैंकको बीरगञ्ज कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ । यस कार्यालयबाट खरिद गरेको, आधिकारिक दस्तखत र छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७७/०३/१५ गते (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. सिलबन्दी दरभाउपत्र साथ विडबण्ड वापत रु.३०,०००।- (**अक्षरेपि तीस हजार मात्र**) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१७०९९९९/०११/०००/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले पचत्तहर दिन मान्य अवधि भएको सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (तेस्रो संसोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ ।

६. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक बीरगञ्ज कार्यालय, आन्तरिक प्रशासन फाँट (फोन नं. ०५१-४१८१६५, एक्सटेन्सन ११३/११४) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

७. यो सूचना बैंकको वेभसाइट **www.nrb.org.np** मा समेत प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंक
बीरगञ्ज कार्यालय